# स्याङ्जा जिल्ला अदालतबाट जारी भएको दण्ड जरीवाना

## छुट सम्बन्धि जरुरी सूचना

सूचना प्रकाशित मिति:-२०७५।०२।०४

यस अदालतको फैसला बमोजिम तथा अन्य अदालतवाट जिम्मेवारी सरी यस अदालतमा बिभिन्न मुद्दाका व्यक्तिहरुको नाममा लगत कायम रहेको दण्ड जरीवाना र सरकारी बिगो आदी बाँकी बक्यौता रकम असुल गर्नको लागि सर्वोच्च अदालत नियमावली २०७४ को नियम १३५(१) को प्रयोजनको लागि मुलुकी ऐन दण्ड सजायको महलको २४ नं को अधिनमा रही अन्तिम फैसला वमोजिम कायम भएको कैद जरिवाना वा सरकारी विगो मिति २०७५ साल श्रावण मसान्त सम्म वुझाउन आएमा सूचना प्रकाशन भएको मितिले पचास वर्ष भन्दा अघिको अन्तिम फैसला वमोजिमको लगतमा ७५(पचहत्तर) प्रतिशत,तीस वर्षभन्दा अघि पचास वर्ष सम्मको अन्तिम फैसला वमोजिमको लगतमा ५०(पचास) प्रतिशत,वीस वर्षभन्दा अघि तीस वर्षसम्मको अन्तिम फैसला वमोजिमको लगतमा पचिस प्रतिशत छुट दिईने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी केन्द्रिय लगत कट्टा समितिको मिति २०७५।१।३१ गतेको निर्देशन र यस अदालतको मिति २०७५।०२।०४ को निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको बेहोरा सवैको जानकारीको लागि अनुरोध गरिन्छ।